विधेयकमा संशोधनको सुचना
(प्रतिनिधी सभा नियमावली, २०७५ को नियम १११ संग सम्बन्धित)

श्री सचिव,
प्रतिनिधी सभा, नेपाल
म प्रतिनिधी सभा नियमावली, २०७५ को नियम १११ बमोजिम नियम ११२ को उपनियम (१) को शर्तका अधिनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहान्छु ।

विधेयकको नाम : बेपत्ता पारिएका व्यक्तिको छानविन,सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक

| | ऐनको | | संशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|
| | दफा | खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
| १ | २ | ४(ञ) | "मानव अधिकारको उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निश:स्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको देहायको कुनै कार्य सम्झनु पर्छ ।<br>(१) हत्या<br>(२) यौनजन्य हिंसा,<br>(३) शारीरिक वा मानसिक यातना,<br>(४) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(५) गैर कानुनी थुनामा राख्ने,<br>(६) कुटपिट गर्ने, अङ्गभंङ्ग वा अपाङ्ग बनाउने,<br>(७) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(८) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने वा,<br>(९) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानविय कानुन विपरित गरिएका जुनसुकै अमानवीय कार्य | "मानविय कानुनको उल्लंघन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निश:स्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको देहायको कुनै कार्य सम्झनु पर्छ ।<br>(१) यौनजन्य हिंसा,<br>(२) शारीरिक वा मानसिक यातना,<br>(३) अपहरण तथा शरीर बन्धक बनाउने,<br>(४) गैर कानुनी थुनामा राख्ने,<br>(५) कुटपिट गर्ने, अङ्गभंङ्ग वा अपाङ्ग बनाउने,<br>(६) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने,<br>(७) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन गर्ने | मानव अधिकार उल्लंघन र मानविय कानुन उल्लंघनको विषयलाई थप प्रष्ट पानु पर्ने भएकोले |
| २. | ५ | (ञ) १ | मानव अधिकारको गम्भीर उल्लंघन भन्नाले सशस्त्र द्वन्द्वको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा | मानव अधिकारको गम्भीर उल्लंघन भन्नाले सशस्त्र द्वन्द्वको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध | मानव अधिकारको विषयलाई थप फराकिलो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | योजनाबद्ध रुपमा गरिएको देहायको कुनै कार्य सम्झनु पर्छ :<br>(१) क्रुर यातना दिई वा निर्ममतापुर्वक ज्यान मारेको,<br>(२) जबरजस्ती करणी,<br>(३) जबरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) अमानवीय वा क्रुरतापुर्वक दिएको यातना | लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको देहायको कुनै कार्य सम्झनु पर्छ :<br>(१) निहत्था नागरिक को हत्या<br>(२) क्रुर यातना दिई वा निर्ममतापुर्वक ज्यान मारेको,<br>(३) जबरजस्ती करणी,<br>(४) अपहरण गरी तथा जबरजस्ती व्यक्ति बेपत्ता पाने र्कार्य,<br>(५) अमानवीय वा क्रुरतापुर्वक दिएको यातना<br>(६) गम्भीर अङ्गभङ्ग गरी अपाङ्ग बनाउने कार्य | बनाउन पर्ने भएकोले |
| ३. | ४ | १ | पदावधि : (१) यो दफा प्रारम्भ भएपछि नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले दुई बर्षको हुनेछ । | पदाावधि : (१) यो दफा प्रारम्भ भएपछि नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले चार बर्षको हुनेछ । | उजुरीको चाप अनुसार थप समयावधि आवश्यक भएकोले |
| ४. | १८ | २९ | मुद्धा दायर सम्बन्धि व्यवस्थाः<br>(३) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा महान्याधिवक्ता वा निजवाट अधिकार प्राप्त सरकारी वकिलले प्राप्त प्रमाणको आधारमा आयोगवाट सिफारिस प्राप्त भएको मितिले एक बर्ष भित्र मुद्धा चलाउने वा नचलाउने सम्बन्धमा आधार र कारण खुलाई निर्णय गर्नेछ । | मुद्धा दायर सम्बन्धि व्यवस्थाः<br>(३) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा महान्याधिवक्ता वा निजवाट अधिकार प्राप्त सरकारी वकिलले प्राप्त प्रमाणको आधारमा आयोगवाट सिफारिस प्राप्त भएको मितिले तिन महिना भित्र मुद्धा चलाउने वा नचलाउने सम्बन्धमा आधार र कारण खुलाई निर्णय गर्नेछ । | छटो छरितो न्यायिक कार्यसम्पादन होस भन्ने उद्धेश्य रहेकोले |
| ५. | १९ | २९क | विशेष अदालतको गठन : १.प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम परेको पुनरावेदन सुन्ने प्रयोजनाको लागि प्रधानन्यायधिशले न्यायपरिषद्को परामर्शमा सर्बोच्च अदालतका तिन जना न्यायाधिश रहेको एक सङ्क्रमणकालिन न्याय सम्बन्धि विशेष इजलास गठन गर्नेछ । | विशेष अदालतको गठनः प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम परेको पुनरावेदन सुन्ने प्रयोजनाको लागि प्रधानन्यायधिशले न्यायपरिषद्को सिफारिसमा सर्बोच्च अदालतका तिन जना न्यायाधिश रहेको एक सङ्क्रमणकालिन न्याय सम्बन्धि विशेष इजलास गठन गर्नेछ । | न्यायधिशको नियुक्तिलाई थप पारदर्शि गनुपने र्भएकोले । |

(१) नाम, थर   गणेश पराजुली

| | |
|---|---|
| दस्तखत : | क्र.सं. |